# मर्स्याङ्दी बहुमुखी क्याम्पस

## प्राध्यापक कर्मचारी सेवा नियमावली २०६२(संसोधित २०७४)

### परिच्छेद-१
### प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भिक

(क) यो नियमावली क्याम्पस सभाबाट पारित विधानको परिधिभित्र रही निर्माण गरिएको छ ।

(ख) यो नियमावलीको नाम "मर्स्याङ्दी बहुमुखी क्याम्पस प्राध्यापक कर्मचारी सेवा नियमावली २०६२" संसोधित २०७४ रहेको छ ।

(ग) यो नियमावली २०६२ ( संसोधित २०७४) साल श्रावण १ गते देखि लागु हुनेछ ।

### १.२ परिभाषा

(क) क्याम्पस भन्नाले मर्स्यांङ्दी बहुमुखी क्याम्पस बेंसीशहर नगरपालिका लमजुङलाई सम्झनु पर्दछ ।

(ख) प्राध्यापक कर्मचारी भन्नाले मर्स्यांङ्दी बहुमुखी क्याम्पस बेंसीशहर लमजुङमा संलग्न कार्यरत प्राध्यापक, सह प्राध्यापक, उप-प्राध्यापक ,सहायक प्राध्यापक, र कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) संचालक समिति भन्नाले क्याम्पसको व्यवस्थापनको लागि विधान अनुरुप गठन हुने संचालक समिति भन्ने बुझनु पर्दछ ।

(घ) अध्यक्ष भन्नाले संचालक समितिको अध्यक्ष सम्झनु पर्दछ, साथै यो शब्दले क्याम्पस सभा वा सञ्चालक समितिबाट गठन गरिएको कुनै अन्य समिति तथा उप समितिको अध्यक्ष वा संयोजकलाई सम्झनु पर्दछ ।

(ङ) क्याम्पस सेवा भन्नाले क्याम्पसका प्राध्यापक तथा अन्य प्रशासनिक कर्मचारीले गर्ने सेवा भन्ने बुझनु पर्दछ ।

(च) अख्तियारवाला भन्नाले सञ्चालक समिति वा सञ्चालक समितिबाट गठन हुने आयोग, समिति वा उपसमिति भन्ने बुझाउँछ ।

(छ) तोकिए अनुसार भन्नाले यस नियम र त्रिभुवन विश्वविद्यालय प्राध्यापक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को कार्य प्रणाली वा व्यवस्था प्रणाली बमोजिम तोकिए वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(ज) सार्वजनिक पद भन्नाले नगरपालिकाको वडा सदस्यदेखि संसदको सदस्यसम्म निर्वाचित वा मनोनित भएको स्थान भन्ने सम्झनु पर्दछ ।

(झ) क्याम्पस प्रमुख भन्नाले मर्स्यांङ्दी बहुमुखी क्याम्पसका क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) सहायक क्याम्पस प्रमुख भन्नाले मर्स्यांङ्दी बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

### परिच्छेद-२
### संगठन, पद विवरण र नियुक्ति

संगठन तथा कार्य विवरण

(क) क्याम्पसमा काम गर्ने सबै पदको काम कर्तव्य र अधिकार तथा जिम्मेवारी किटान गरिएको कार्य विवरण आवश्यकता अनुसार संचालक समितिले तयार गरी उपलब्ध गराउनेछ ।

(ख) संगठनात्मक स्वरुपमा हेरफेर तथा नयाँ पद सिर्जना गर्दा त्यस्तो पद आवश्यकताको पुष्टयाईं सहितको व्यवस्था सञ्चालक समितिले गर्नेछ ।

क्याम्पस अन्तर्गत रहने पदहरु

(क) प्राध्यापक तर्फ

| पद | संख्या |
|---|---|
| प्राध्यापक | २ |
| सहप्राध्यापक | ४ |
| उपप्राध्यापक | ८ |
| सहायक प्राध्यापक | आवश्यकता अनुसार |

(अ) हाल भइरहेका सहायक प्राध्यापक स्थायी भए पछि स्वतः उप प्राध्यापक पदमा बहाली हुनेछ ।

(आ) शुरुमा प्रवेश गराउदा अस्थायी सहायक प्राध्यापकको रुपमा नियुक्ति गरिनेछ ।

(ख) कर्मचारी तर्फ

| पद | श्रेणी | संख्या |
|---|---|---|
| १. प्रशासकीय प्रमुख/लेखा अधिकृत | रा.प. तृतीय | १ |
| २. सहायक प्रशासक/सुब्बा | पाँचौं | १ |
| ३. सहलेखापाल | सहायक चतुर्थ | १ |
| ४. लाइब्रेरीयन (खरिदार सरह) | सहायक चतुर्थ | १ |
| ५. कार्यालय सहयोगी | श्रेणी विहीन | ३ |
| ६. चौकीदार ड्राइभर | श्रेणी विहीन | २ |

२.३ करार तथा ज्यालादारी सम्वन्धी व्यवस्था

क) करार : क्याम्पसमा रिक्त भएको कुनै पदमा छनौट समितिको सिफारिस सञ्चालक समितिबाट स्वीकृत भएमा बढीमा एक बर्षको लागि करारमा नियुक्ति गर्न सकिनेछ । सो नियुक्ति कायम राख्न आवश्यक भएमा प्रत्येक वर्ष एक एक बर्षको म्याद थप गर्न सकिनेछ ।

ख) ज्यालादारी आंशिक प्राध्यापक तथा कर्मचारीको नियुक्ति क्याम्पस प्रमुखबाट गरिनेछ र त्यसको जानकारी सञ्चालक समितिमा दिनुपर्नेछ ।

ग) चौकीदार र गाडि चालकको नियुक्ति गर्दा जनशक्ति प्रदान गर्ने वा सेवा प्रदाय कम्पनी वा संघ संस्था वा व्यक्तिसग सम्झौता गरी करारमा मात्र राख्न सकिने छ ।

२.४ अभिलेख राख्ने : क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको व्यक्तिगत विवरण सहितका अभिलेखहरु अनुसूची १ अनुसार राखिनेछ ।

२.५ पदपूर्ति सम्वन्धी व्यवस्था

क) क्याम्पसमा रिक्त पदपूर्ति सामान्यतया आन्तरिक बढुवा र खुल्ला विज्ञापनद्वारा गरिनेछ ।

ख) क्याम्पसलाई अत्यन्त आवश्यक वा विशिष्ट सेवा लिनुपर्ने हुन आएमा त्यस्तो पदमा विशेष योग्यता भएको व्यक्तिलाई नियुक्ति गर्दा सञ्चालक समितिले नियुक्ति गर्न सक्नेछ । त्यस्ता व्यक्तिको हकमा उमेरको हद लाग्ने छैन ।

ग) रिक्त प्राध्यापक तथा कर्मचारीहरुको पूर्ण कालीन (अस्थायी र करार) तथा स्थायी पदपूर्ति गर्न निम्न अनुसारको कार्य अवधि २ वर्ष रहने गरी पाँच सदस्य भएको छनौट समिति गठन गरिनेछ । छनौट समितिले नयाँ नियुक्ति वा बढुवाका लागि योग्य उम्मेदवारको छनौट गरी सञ्चालक समितिमा सिफारिस गर्नेछ ।

छनौट समिति :

| | |
|---|---|
| १) सञ्चालक समितिले समितिका सदस्यहरु मध्येबाट तोकेको प्रतिनिधि १ | : संयोजक |
| २) क्याम्पस प्रमुख | : सदस्य सचिव १ जना |
| ३) सहायक क्याम्पस प्रमुख | : सदस्य १ जना |
| ४) विषयगत विशेषज्ञ | : सदस्य १ जना |
| ५) विषयगत शिक्षण समितिका विषय प्रमुख | : सदस्य १ जना |

**स्पष्टिकरण** : प्राध्यापकको हकमा क्याम्पस प्रमुख र कर्मचारीको हकमा सहायक क्याम्पस प्रमुख सदस्य सचिव रहनेछन । क्याम्पस प्रमुख, विषय विशेषज्ञ तथा संकाय प्रमुख स्वयंको परीक्षा हुने स्थितिमा सञ्चालक समितिले छुट्टै प्रतिनिधि सदस्य तोकी कार्य सञ्चालन गर्नुपर्नेछ ।

२.६ विज्ञापन गर्ने

क) क्याम्पसको लागि आवश्यक प्राध्यापक तथा कर्मचारीहरुको खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ । सब पदको विज्ञापन गरिनेछ ।

ख) प्रतियोगितामा सहभागी हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

अ) नेपाली नागरिक हुनुपर्नेछ ।

आ) उमेर: दरखास्त दिनेको उमेर ६० वर्ष ननाघेको हुनु पर्नेछ ।

इ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको व्यक्ति हुनुपर्नेछ ।

७. विज्ञापन गर्दा अपनाउनु पर्ने कार्यविधि:

क) पदपूर्तिका लागि विज्ञापन गर्दा सो पदसँग सम्बन्धित आवश्यक विवरण खुलाई प्रचार प्रसार हुन सक्ने गरी पत्रिकामा घटीमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गरिनेछ।

ख) विज्ञापन गर्दा पदको संख्या आवश्यक न्यूनतम शैक्षिक योग्यता, तालिम र अनुभव, परीक्षाको किसिम, मिति परीक्षणकाल अवधि, तलब भत्ता, दर्खास्त बुझाउने ठाउँ र दर्खास्तको अन्तिम मिति आदि सबै विवरण खुलाइनेछ।

८. परीक्षा दस्तुर (खुल्लाद्वारा)

क) सबै तहका प्राध्यापकका लागि रु. रु.१०००।

ख) सबै तहका कर्मचारीहरुका लागि रु. रु.५००।

ग) सहयोगी परिचर चौकिदारका लागि रु. रु. २००।

९. परीक्षाको किसिम

क) खुल्ला परीक्षाद्वारा पदपूर्ति गर्दा कुनै पनि रिक्त पदमा पदपूर्ति समितिले आवश्यकता अनुसार देहायका विधिद्वारा परीक्षा सञ्चालन गर्नेछ।

(अ) लिखित परीक्षा

(आ) प्रयोगात्मक परीक्षा

(इ) अन्तर्वार्ता

ख) पदपूर्तिका लागि खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा र अन्तर्वार्ता समेतको माध्यमबाट उम्मेदवारको उपयुक्तताको परीक्षण गरिनेछ। ड्राइभर, कम्प्युटर, अपरेटर जस्ता पदको हकमा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको माध्यमद्वारा उम्मेदवारको छनौट गरिनेछ।

१०. परीक्षण विधि र अंकभार: खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यांश भार परीक्षा प्रणाली तथा लिखित र अन्तर्वार्ता परीक्षाहरुको अंकभार अनुसूची २ मा भएअनुसार हुनेछ।

११. पाठ्यक्रम : खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदहरुको लिखित परीक्षाको पाठ्यक्रम समितिले निर्धारण गरी विज्ञापन हुँदाको वखतमा प्रकाशन गर्नुपर्नेछ।

१२. दरखास्त फाराम: दरखास्त फारामको ढाँचा अनुसूची ३ अनुसार हुनेछ।

१३. प्रश्नपत्र बनाउने: लिखित परीक्षाको लागि प्रश्नपत्र तयार गर्दा सम्बन्धित पदभन्दा कम्तिमा एक तह माथिको विषय विज्ञबाट गराइनेछ।

१४. उत्तर पुस्तिका परीक्षण

क) पदपूर्ति समितिले तोकेको परीक्षकबाट उत्तरपुस्तिकाको परीक्षण गराइनेछ। यसरी परीक्षण गर्न पठाउन अगाडि उत्तरपुस्तिका र अर्धकट्टीमा कोड नं राख्नुपर्नेछ।

ख) उत्तरपुस्तिका परीक्षण भई प्राप्त भए पछि रुजु गर्नुपर्नेछ।

१५. लिखित परीक्षाको नतिजा प्रकाशन : उत्तरपुस्तिका रुजु गरी सकेपछि न्यूनतम ४०% अंक प्राप्त गर्ने मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई रिक्त पदसंख्यामा शतप्रतिशत थप गरी अन्तर्वार्ताको लागि छनौट गरिनेछ।

१६. अन्तर्वार्ता:

क) लिखित परीक्षाको नतिजा प्रकाशन भई सकेपछि पदपूर्ति समितिले अन्तर्वार्ताको मिति तत्काल तोक्नेछ।

ख) अन्तर्वार्ता बोर्डमा रहने व्यक्तिहरुको निर्धारण पदपूर्ति समितिले गर्नेछ।

१७. प्रयोगात्मक परीक्षा सम्बन्धी व्यवस्था : प्रयोगात्मक परीक्षा लिइने उम्मेदवारहरुको प्रयोगात्मक परीक्षाको लागि दक्षता र प्राविधिक ज्ञानजस्ता विषयको अंकभार पदपूर्ति समितिले निर्धारण गरेबमोजिम हुनेछ।

१८. योग्यताक्रम सूची प्रकाशन

क) लिखित परीक्षा हुनेमा सो परीक्षामा प्राप्त गरेको अंक, शैक्षिक योग्यता वापत पाउने अंक, अनुभव वापत पाउने अंक र प्रयोगात्मक परीक्षा भएकोमा सो मा प्राप्त गरेको अंक जोडी उम्मेदवारको योग्यताक्रम तयार गरिनेछ। अन्तर्वार्ताको अंक तयार गर्दा दक्ष वा विशेषज्ञ सहितको अन्तर्वार्ता समितिका सम्पूर्ण सदस्यहरुले दिएको अंक जोडी सदस्य संख्याले भाग गर्दा प्राप्त भएको भागफल नै औसत अंक कायम हुनेछ।

ख) योग्यताक्रमको सूची प्रकाशन गर्दा घटीमा १ जना वैकल्पिक उम्मेदवारको सूची समेत राखिनेछ।

ग. सिफारिस भएको उम्मेदवारले नियुक्ति नलिएमा वा सो पद कुनै कारणबाट निजले नियुक्ति लिएको ६ महिनाभित्र रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति गर्न सकिनेछ ।

१९ नियुक्तिको सूचना तथा प्रतिक्षा सूची

क. सफल भएका उम्मेदवारहरुलाई सञ्चालक समितिले नियुक्ति गर्ने निर्णय भएपछि १५ दिनको म्याद दिई नियुक्तिको सूचना दिइनेछ ।

ख. खण्ड क बमोजिम म्यादभित्र सम्बन्धित उम्मेदवारले नियुक्ति पत्र लिन नआएमा वा नियुक्ति पत्र लिई त्यस्तो नियुक्ति पत्र बुझिलिएको ७ दिनभित्र हाजिर हुन नआएमा निजको नाम योग्यताक्रमबाट हटाई निजको सट्टा प्रतिक्षा सूचीमा रहेका वैकल्पिक उम्मेदवारहरु मध्येबाट योग्यताक्रम अनुसार नियुक्ति गरिनेछ ।

२० निरोगिताको प्रमाण पत्र: नयाँ नियुक्ति हुने स्थायी कर्मचारीले त्यस्तो नियुक्ति लिनु अघि स्वीकृत चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई अनुसूची ४ बमोजिमको ढाँचामा निरोगिताको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

२१ नियुक्ति

क. पदपूर्ति समितिले सिफारिस गरेका उम्मेदवारलाई क्याम्पस सञ्चालक समितिको निर्णय अनुसार **अनुसूचि** ७ को ढाँचामा क्याम्पस प्रमुखले नियुक्ति दिनेछ ।

ख. नियुक्तिको लागि सिफारिस भएको मितिले ३५ दिनभित्र सञ्चालक समितिले नियुक्ति पत्र दिने निर्णय गरी सक्नुपर्नेछ ।

ग. खण्ड ख बमोजिम निर्णय भएको मितिले ७ दिनभित्र क्याम्पस प्रमुखले १ वर्षको लागि परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति पत्र दिनेछ ।

घ. नियुक्ति पत्रका साथ नियुक्ति दिइने पदको कार्य विवरण उपलब्ध गराउनु अनिवार्य हुनेछ ।

२२ पारिश्रमिक : पदपूर्तिको सिलसिलामा आवश्यक पर्ने मसलन्द प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण तथा समितिको बैठक भत्ता आदि खर्च सञ्चालक समितिले एकमुष्ट तोकेअनुसार हुनेछ।

२३ उजुरी : छनौट समितीले गरेको सिफारिसमा चित्त नबुझ्ने प्राध्यापक कर्मचारीले सिफारिस गरेको मितिले ७ दिन भित्र सञ्चालक समितिमा उजुर दिन सक्नेछ । त्यस्तो उजुरी पर्न आएमा सञ्चालक समितिले साधारणत: १ महिना भित्र टुंगो लगाई सक्नुपर्नेछ । उजुर नपरेकोमा १५ दिन र उजुरी परेमा उजुरी सम्बन्धी टुंगो नलागसम्म सिफारिस भएको पदमा नियुक्ति तथा बढुवाको नियुक्ति दिन पाइने छैन ।

## परिच्छेद ३
## काज, हाजिरी र बिदाको व्यवस्था

३१ काजमा खटाउने: क्याम्पसको कामको सन्दर्भमा काज खटाउनु पर्दा क्याम्पस प्रमुखको हकमा सञ्चालक समिति र अन्यको हकमा क्याम्पस प्रमुखले भ्रमण आदेशद्वारा काज खटाउन सक्नेछ ।

३२ हाजिरी

क. क्याम्पसका प्राध्यापक, कर्मचारीको कार्य समय क्याम्पस प्रशासनको अधिनमा हुनेछ र आवश्यकै सिफ्टमा पनि काममा लगाउन सकिनेछ ।

ख. क्याम्पसको कार्य समय तथा सिफ्ट व्यवस्थापन क्याम्पस प्रशासनले तोकेबमोजिम हुनेछ । प्राध्यापकहरुले हप्तामा २२ पिरियड पढाउनु पर्नेछ ।

ग. क्याम्पसका कर्मचारीहरुले प्रत्येक दिन पुरा एक सिफ्ट काम गर्नुपर्नेछ । नोकरीको समय अवधि एक सिफ्टमा रहने आवश्यकता अनुसार अन्य समयमा हाजिरी भै आफ्नो दायित्व पुरा गर्नु पर्ने छ । नोकरीको समयको लागि अतिरिक्त पारीश्रमीक उपलब्ध हुने छैन ।

३३ बिदा सम्बन्धी व्यवस्था

क. क्याम्पसका प्राध्यापक, कर्मचारीहरुलाई त्रि.वि. प्राध्यापक कर्मचारी सेवा सम्बन्धी बिदाका सबै नियम लागु हुनेछ ।

ख. बिदाको किसिम:

क्याम्पसका प्राध्यापक कर्मचारीहरुले देहायका बिदा पाउनेछन् ।

| बिदाको किसिम | वार्षिक बिदा पाउने दिन | |
|---|---|---|
| | प्राध्यापक | कर्मचारी |
| घर बिदा | | २८ |
| बिरामी बिदा | १५ | १५ |

| | | |
|---|---|---|
| किया बिदा | १५ | १५ |
| प्रसुती बिदा | ४५ महिलालाई | ६५ (२ पटकसम्मको लागि) |
| पर्व बिदा | ६ | ६ (यसलाई सार्वजनिक बिदा मानिने छ ।) |
| भैपरी आउने बिदा | ६ | ६ |

सार्वजनिक बिदा त्रि.वि. नियमानुसार रहनेछ ।

ग) वर्षे वा हिउदे बिदा नपाउने प्रशासक वा कर्मचारीले वर्षको २८ दिन घर बिदा पाउनेछन् । घर बिदा जुन वर्षको हो सोही वर्ष खर्च नभएमा बढीमा १२० दिन सम्म घर बिदा सञ्चित गर्न पाइनेछ तर सञ्चित घरबिदाको रकम लिन पाइनेछैन । यस सम्बन्धि अन्य कुराहरु त्रि.वि. को नियमानुसार रहनेछ ।

घ) स्थायी प्राध्यापक कर्मचारीहरुले बिरामी बिदा जुन वर्षको हो सोही वर्ष खर्च नगरी सञ्चित भएमा प्रत्येक आर्थिक वर्षको हुन आउने सञ्चित बिरामी बिदाको रकम प्राध्यापक कर्मचारी कल्याण कोषमा जम्मा गरिनेछ । अवकास भएपछि निजलाई एकमुष्ठ भुक्तानी दिइनेछ ।

ङ) पुरुष प्राध्यापक तथा कर्मचारीको श्रीमति प्रसुति हुँदा निजको सेवा अवधिभर दुई पटक ७ दिनको प्रसुति बिदा दिइने छ ।

च) बिरामी भएको अवस्थामा ७ दिनभन्दा बढी बिदा लिदा स्वीकृत चिकित्सकको सिफारिस अनिवार्य हुनपर्नेछ ।

छ) क्याम्पस सुचारुरुपले सञ्चालन गर्न बाधा नपर्ने गरी बिदा स्वीकृत गरिनेछ ।

ज) प्राध्यापक कर्मचारीले काज वा बिदामा रहदाको अवधिको तलब भत्ता साबिक बमोजिम पाउनेछन् ।

झ) कुनै पनि बिदा सञ्चित नरहेको अवस्थामा बिदा आवश्यक परेमा बढीमा एकमहिनासम्म बेतलबी बिदा दिन सकिनेछ ।

ञ) अध्ययन बिदा र अध्ययन भ्रमण गर्नुपर्दा त्यस्तो बिदा र भ्रमणको औचित्य र आवश्यकता हेरी सञ्चालक समितिको स्वीकृतिमा अध्ययन बिदा र अध्ययन भ्रमणमा पठाउन सकिनेछ ।

ट) करारमा नियुक्ति हुने प्राध्यापक कर्मचारीले करार शर्तमा उल्लेख भएअनुसार र ज्यालादारीमा नियुक्त हुनेले सार्वजनिक बिदा मात्र उपभोग गर्न पाउनेछन् ।

ठ) बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो ।

ड) यस क्याम्पसको प्राध्यापकहरुले नेपाल सरकारको आवश्यक कुनै सरकारी पदमा नियुक्त भई पठाइएमा सो अवधि पुरा भई फर्केर आएपछि पुनः आफ्नो पदमा नियमित रुपमा काम गर्न पाउनेछ र सो अवधिको तलब भत्ता क्याम्पसले दिनुपर्ने छैन ।

## परिच्छेद ४
## बढुवा

५ बढुवाका आधारहरु

क) क्याम्पसको प्राध्यापक कर्मचारीहरुको बढुवाद्वारा पदपूर्ति गरिने पदमा बढुवा गर्दा कार्यक्षमता मूल्याकनको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने प्राध्यापक, कर्मचारीलाई सबैभन्दा पहिले बढुवा गरिनेछ ।

ख) कार्यक्षमताको मूल्यांकन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ ।

(अ) नोकरीको जेष्ठता

(आ) कार्यसम्पादन मूल्यांकन

(इ) नोकरीको जेष्ठताको अंक गणना गर्दा बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षका लागि २ अंकका दरले बढीमा २० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा बढी महिना वा दिनको लागि दामासाहीका हिसाबले अंक दिइनेछ ।

(ई) कार्य सम्पादन मूल्यांकन बापत अनुसूची ६ को कार्यसम्पादन मूल्यांकन फाराममा उल्लेख भएबमोजिम कार्य सम्पादन मूल्याकन गरी बढीमा ३० अंक दिइनेछ ।

(उ) कार्यदक्षताको मूल्यांकनको लागि अंक गणना गर्दा बढुवाको लागि सम्भाव्य उमेदवार बन्न जति वर्षको सेवा आवश्यक पर्ने हो, पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याकन फारमको औसतबाट हिसाब गरिनेछ । एकवर्षभन्दा कम अवधिको हकमा दामासाहीले गणना गरिनेछ ।

(ऊ) रिक्त पद बढुवाद्वारा पदपूर्ति गर्दा सोसरह पर्नेका प्राध्यापक कर्मचारीहरु मध्येबाट गरिनेछ ।

२ **बढुवाको सम्भाव्य उम्मेदवार**

क। कुनैपनि उप-प्राध्यापकले लगातार ५ वर्ष (अस्थायी अवधिको ७५% समेत) सेवा गरेमा निज सहप्राध्यापक पदमा बढुवा हुन योग्य मानिनेछ।

ख। सहप्राध्यापक पदमा १० वर्ष सेवा गरेको वा १५ वर्ष अध्यापन सेवा गरेको र विभिन्न अनुसन्धानात्मक कार्य प्रकाशित गरेको वा विद्यावारिधी डिग्री हासिल गरेको भएमा निज प्राध्यापक पदमा बढुवा हुन योग्य मानिनेछ।

ग। श्रेणीविहिन कर्मचारीवाहेक सहायक प्रथमदेखि पाचौं तहसम्मको लागि सम्बन्धित कर्मचारीले (अस्थायी पदमा अविछिन्न रहदाको ७५% समेत) लगातार तीन वर्षसम्म सेवा गरेमा निज एक तह माथिको पदमा बढुवा हुन योग्य मानिनेछ।

घ। कुनै सहायक प्रशासकले उपप्रशासक वा सो सरहको पदको लागि चाहिने न्यूनतम योग्यता हासिल गरी पाच वर्ष (अस्थायी सेवाको ७५% समेत) सेवा गरेमा वा लगातार ७ वर्ष सेवा गरेमा कार्य सम्पादन क्षमताको मूल्यांकन गरी उपप्रशासक वा सो सरहको पदमा बढुवा गर्न गरिनेछ। यसरी बढुवा भएको खण्डमा साविक पद समाप्त गदा एक तह माथिको दरवन्दी स्वत: सृजना भएको मानिनेछ।

३ बढुवाको उजुरी :

पदपूर्ति तथा बढुवा समितिले गरेको निर्णयमा चित्त नबुझ्ने कर्मचारीले बढुवाको सूचना प्रकाशित मितिले ३५ दिन भित्र क्याम्पस प्रमुख मार्फत सञ्चालक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ। त्यस्तो पुनरावेदन उपरको कारवाही सामान्यतया ३ महिनाभित्र टुङ्ग्याउनु पर्नेछ। सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।

## परिच्छेद ५
## प्राध्यापक कर्मचारी आचरण

१ तोकिएको समयमा क्याम्पसमा उपस्थित भई पदीय दायित्व पुरा गर्नुपर्नेछ।

२ क्याम्पस प्रमुखले अध्यक्षको र क्याम्पस प्रमुख बाहेक अन्य प्राध्यापक तथा कर्मचारीहरुले क्याम्पस प्रमुखको अनुमति वेगर क्याम्पसमा सम्बन्धित कर्तव्य पालना गर्दा प्राप्त गरेको वा आफूले लेखेको वा संकलन गरेको कागजपत्र वा कुनै वस्तुहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्तिलाई दिन वा सञ्चारका कुनै माध्यमद्वारा लिखित वा मौखिक रुपमा दिन हुँदैन।

३ अख्तियार पाएका कुनै पदाधिकारी प्राध्यापक वा कर्मचारी वा क्याम्पससंग सम्बन्धित कुनै व्यक्ति विशेषले नजिकको नाता पर्ने प्राध्यापक कर्मचारीको विपयमा प्रभाव पर्ने गरी कुनै निर्णय लिनुदिन हुँदैन।

४ प्राध्यापक कर्मचारीहरुले क्याम्पस भित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिकता उच्च र पवित्र राख्नुपर्नेछ।

५ क्याम्पसमा आइपरेका शैक्षिक तथा भौतिक समस्या समाधान गर्न क्याम्पसलाई सहयोग गर्न क्याम्पसलाई मर्यादित र प्रतिष्ठित राख्न तथा राख्न सहयोग गर्न सबै पदाधिकारी एवं प्राध्यापक कर्मचारीहरुको कर्तव्य हुनेछ।

६ प्राध्यापक कर्मचारीहरुले भ्रष्टाचार गर्न गराउनु हुँदैन र क्याम्पसको कुनै सम्पत्ति हानी नोक्सानी गर्न गराउन हुँदैन।

७ प्राध्यापक कर्मचारीहरुले प्रचलित ऐन नियमको पूर्ण पालना गरी कर्तव्य निर्वाह गर्नुपर्नेछ।

८ क्याम्पसका प्राध्यापक कर्मचारीहरुले सेवा प्रवेश गर्नुपूर्व वा सेवा प्रवेश गरेपछि आफ्नो नाम, थर, वतन, उमेर, शैक्षिक योग्यता आदि कुनै पनि विवरण झुट्टा पेश गर्न गराउनु हुँदैन।

९ पदाधिकारी प्राध्यापक कर्मचारीहरुले सबैप्रति उचित आदर देखाउनु पर्नेछ र प्रचलित नेपाल कानून एवं मान्यता प्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिपादित पेशागत नैतिकता र आचार संहिता पालना गर्नुपर्नेछ।

१० कुनै पदाधिकारी, प्राध्यापक कर्मचारीहरुले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साधन गर्ने अभिप्रायले अन्य पदाधिकारी प्राध्यापक, कर्मचारी माथि अवाञ्छनीय प्रभाव पार्न वा पार्ने प्रयत्न समेत गर्नुहुँदैन।

११ प्राध्यापकहरुले तोकिएको सिफ्टमा तोकिएको कक्षा लिने, सुपरिवेक्षण गर्ने र अन्य प्राज्ञिक काम गर्नुपर्नेछ। कर्मचारीहरुले कार्य विवरण अनुसार तोकिएको काम लगनशीलताका साथ गर्न गराउन पर्नेछ।

१२ यस क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारीहरुले क्याम्पसको निर्माण कार्यको ठेक्का पट्टा लिन पाउनेछैन।

१३ यस क्याम्पसमा क्याम्पसको स्वीकृत बेगर पूर्णकालिन रुपमा कार्यरत प्राध्यापक कर्मचारीले अर्को कुनै कार्यालय वा संघ संस्थामा पूर्णकालिन रुपमा काम गर्न पाउने छैनन् ।

१४ क्याम्पसमा कार्यरत पूर्णकालीन प्राध्याकहरुले दैनिक घटीमा ६ घण्टा र कर्मचारीको हकमा ८ घण्टा (भित्र Shift) मिलाई अनिवार्य क्याम्पसमा काम गर्नु पर्नेछ । क्याम्पसको अन्य काममा जिम्मा लिएको प्राध्यापकको हकमा सञ्चालक समितिको निर्णयले समय अवधि घट्न सक्नेछ ।

## परिच्छेद ६
## तलव, भत्ता तथा अन्य सेवा सुविधा

### तलव भत्ता पाउने

क) तलव, भत्ता, भ्रमण भत्ता, पारिश्रमिक आदिको विषयमा सञ्चालक समितिले निर्धारण गरेको स्केल बमोजिम हुनेछ (तलव भत्ता निर्धारण गर्दा सामान्यतया त्रि.वि.को स्केललाइ आधार मानिनेछ । तलव भत्तामा नेपाल सरकारले तोके बमोजिम कर कट्टा गरिनेछ ।

ख) प्राध्यापक कर्मचारीले काम गरी पकाएको तलव भत्ता निज जुनसुकै कार्यावधिबाट सेवाबाट अलग भएपनि पाउनेछ तर क्याम्पसले निजसंग कुनै नगदी जिन्सी असूल उपर गर्नुपर्ने भएमा निजले पाउने त्यस्तो तलव भत्ताको रकमबाट कट्टा गर्न सकिनेछ ।

ग) क्याम्पसमा कम्तिमा ६ महिना काम गरीसकेका प्राध्यापक कर्मचारीहरुले प्रत्येक वर्ष दशैं खर्चको रुपमा खाइपाई आएको एक महिनाको तलव ग्रेड सहितको रकम दशैं खर्च (चाडपर्व खर्च) बापत पाउनेछन । तर गैर क्याम्पस अन्यत्र काम गरेको भए दशैं खर्च बापत रकम लिन पाइने छैन ।

### ग्रेड ब्यवस्था

क) नियमावली बमोजिम नियुक्ति वा बढुवा भएको प्राध्यापक कर्मचारीले १ वर्षको नोकरी अवधि पुरा गरेपछि मात्र एउटा ग्रेड पाउनेछ ।

ख) कार्यवाहीमा परी ग्रेड रोक्का गरिएको अवस्थामा बाहेक प्राध्यापक कर्मचारीले खाइपाइ आएको तलव निज क्याम्पसको सेवामा बहाल रहेसम्म घटाइने छैन ।

ग) ग्रेड रोक्का भएकोमा निवेदन परी क्याम्पस सञ्चालक समितिबाट पुनर्विचार भइ फुकुवा गर्ने निर्णय भएमा रोक्का भएको ग्रेड पाउनेछ ।

### अतिरिक्त कक्षा

क) क्याम्पसको आवश्यकता र कामको चापलाइ हेरी प्राध्यापकलाइ अग्रीम जानकारी दिएर अतिरिक्त कक्षामा काम गराउन सकिनेछ । अतिरिक्त कक्षाको पारिश्रमिक त्रि.वि.वि. को नियमानुसार हुनेछ ।

ख) क्याम्पसको आवश्यकता र कामको चापलाइ हेरी क्याम्पसका कर्मचारीहरुलाइ अतिरिक्त समय काममा लगाउन सकिने छ र सो बापत उनीहरुलाई त्रि.वि.वि. नियमानुसारको पारिश्रमिक दिइनेछ ।

ग) आंशिक रुपमा काम गर्ने प्राध्यापकलाई एक सत्रमा (एक सीफ्टमा) ३ पिरीयड भन्दा बढी काममा लगाइने छैन ।

### प्राध्यापक कर्मचारी संचय कोष कट्टी

क) क्याम्पसको स्वीकृत दरबन्दीमा बहाल रहेका प्रत्येक स्थायी प्राध्यापक र कर्मचारीको तलवको १०% रकम सञ्चयकोष बापत कट्टा गरिनेछ ।

ख) यसरी कट्टा गरिएको रकममा त्यति नै रकम क्याम्पसको कोषबाट थप गरी कर्मचारी सञ्चयकोषमा प्राध्यापक कर्मचारीको नामबाट दाखिला गरिनेछ । यस नियम बमोजिम कर्मचारी सचयकोषमा जम्मा गरिनेछ । रकम महिना भुक्तान भएको पहिलो हप्ताभित्रै जम्मा गरिनेछ ।

**बीमा सुविधा** : प्राध्यापक कर्मचारीको बीमा सुविधा आर्थिक नियमावलीमा उल्लेख गरेबमोजिम हुनेछ ।

**औषधी उपचार** : प्राध्यापक कर्मचारीको औषधी उपचार सुविधा आर्थिक नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

**प्रोत्साहन पुरस्कार** :

क) क्याम्पसको प्राध्यापक कर्मचारीले गरेको वार्षिक काम र क्रियाकलापको मूल्यांकनको आधारमा उत्कृष्ट ठहरिएका प्राध्यापक कर्मचारीलाइ क्याम्पस सञ्चालक समितिको सिफारिसमा क्याम्पस प्रमुखले एक पटकमा बढीमा १ ग्रेड प्रोत्साहन स्वरुप पुरस्कार दिन सक्नेछ ।

ख) एक पटक प्रोत्साहन पुरस्कार प्राप्त गरेको प्राध्यापक कर्मचारीले ३ वर्ष पुरा नभई अर्को पटक प्रोत्साहन पुरस्कार पाउने छैन ।

८ **उपदान :** क्याम्पसका प्राध्यापक कर्मचारीले क्याम्पसमा सेवा गरी सेवा निवृत्त वा सेवाबाट हटेको बखत प्राप्त गर्ने उपदान सुविधा क्याम्पस प्राध्यापक कर्मचारी कल्याण कोष परिचालन निर्देशिका अनुसार उपलब्ध गराइने छ । सो निर्देशिका अनुसूचि ५ मा उल्लेख गरीएको छ ।

९ **प्राध्यापक कर्मचारी कल्याण कोष :** प्राध्यापक एवं कर्मचारीहरुको लागि प्राध्यापक कर्मचारी कल्याण कोष स्थापना गरिनेछ । जसको सञ्चालन क्याम्पस प्राध्यापक कर्मचारी कल्याण कोष परिचालन निर्देशिका (अनुसूचि ५) अनुसार हुनेछ ।

१० **सेवा अवधिको गणना :** प्राध्यापक तथा कर्मचारीहरुको सेवा अवधि गणना गर्दा क्याम्पसको सेवामा स्थायी नियुक्ति भई अविछिन्न सेवा गरेको (परीक्षण काल एवं निलम्बन रहेदाको समेत) अवधिको गणना गरिनेछ । बढुवा प्रयोजनको लागि अनुभव गणना गर्नुपर्दा निजले अस्थायी पदमा अविछिन्न सेवा गरेको अवधि समेतलाई गणना गरिनेछ । बेतलबी वा अध्ययन बिदाको अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

११ **सेवाको सुरक्षा सर्त:**

क) देहायको अवस्थामा बाहेक अन्य कुनै अवस्थामा स्थायी प्राध्यापक तथा कर्मचारीहरुलाई
सफाइको सबुद लिने मनासिब माफिकको मौका नदिई क्याम्पस सेवाबाट हटाइने वा बखास्त गरिनेछैन ।

(अ) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न नसकिएको अवस्थामा ९० दिन भित्रमा हाजिर नभएमा ।

(आ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको अवस्थामा।

ख) कुनै प्राध्यापक वा कर्मचारीहरुलाई निजको नियुक्ति हुँदा लागू गरेको तलब पारिश्रमिक, उपदान आदि सुविधामा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन ।

ग) देहायको अवस्थामा प्राध्यापक कर्मचारीको पदाधिकार कायम रहनेछ ।

(अ) तोकिएको पदमा कामकाज गरिरहेसम्म ।

(आ) बिदामा बसेको बखत ।

(इ) उपल्लो पदमा बढुवा भई कार्यभार सम्हाल्ने म्यादसम्म ।

(ई) निलम्बन भएको बखत ।

(उ) काजमा रहेको बखत ।

## परिच्छेद ७
## राजिनामा र अवकाश

७.१ **राजिनामा**

क) सेवाबाट अलग हुन चाहेका प्राध्यापक कर्मचारीले १ महिना अगाडि राजिनामा स्वीकृतिका लागि क्याम्पस प्रमुख समक्ष लिखित राजिनामा पेश गर्नुपर्नेछ । क्याम्पस प्रमुखको हकमा १ महिना अगावै क्याम्पस सञ्चालक समितिका अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

ख) माथि (क) बमोजिम पेश भएको राजिनामा कागजातमा त्यस्तो राजिनामा गर्नुपर्ने कारण समेत खुलाइएको हुनुपर्नेछ । त्यस्तो राजिनामा कागजातमा सम्बन्धित प्राध्यापक कर्मचारीको सनाखत गराई राख्नु पर्नेछ ।

ग) क्याम्पसको सेवाबाट अलग हुने प्राध्यापक कर्मचारीले आफ्नु जिम्मा रहेको नगदी जिन्सी बुझाउनु पर्नेछ ।

७.२ **पद रिक्त हुने अवस्था**

क) प्राध्यापक कर्मचारीको राजिनामा स्वीकृत भएमा ।

ख) मृत्यु भएमा

ग) मगज बिग्रेमा वा मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा ।

घ) शारिरीक वा मानसिक रुपले अस्वस्थ्य भई सम्बन्धित सेवामा काम दिन नसक्ने भनि प्रमाणित भएमा ।

ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएमा ।

च. आफ्नो पदीय दायित्व पुरा नगरेको वा क्याम्पसको हित विपरित आचरण गरेको ठहऱ्याई क्याम्पस सञ्चालक समितिले दुई तिहाई बहुमतले हटाउने निर्णय गरेमा । तर, यसरी हटाउनुपूर्व निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिनेछैन ।

३ उमेरको हद : प्राध्यापक ६३ वर्ष , कर्मचारीको ५८वर्ष एवं पियन चौकीदार र ड्राइभरको ५५ वर्ष उमेरको हद हुनेछ ।

४ **पद रिक्त भएको सूचना :** कुनै पनि कारणबाट क्याम्पसको दरबन्दी रिक्त हुन आएमा त्यसको जानकारी क्याम्पस सञ्चालक समितिलाई क्याम्पस प्रमुखले जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद ८
## तालिम, प्रशिक्षण एवं विकास

क्याम्पसको कामलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि एवं पेशागत दक्षता अभिवृद्धि गर्नका लागि प्राध्यापक कर्मचारीलाई विशेष किसिमको सिप तथा तालिमको आवश्यकता देखिएमा कुन प्राध्यापक कर्मचारीलाई कस्ता प्रकारका तालिम दिन आवश्यक हुन्छ भन्ने पहिचान समेतको आधारमा क्याम्पस सञ्चालक समितिले उपयुक्त व्यवस्था गर्नेछ ।

## परिच्छेद ९
## सँजाय र पुनरावलोक

**सजायँ र पुनरावेदन :** उचित र प्रयाप्त कारण भएमा क्याम्पसका प्राध्यापक कर्मचारीहरुलाई देहायको सजाय गर्न सकिनेछ ।

क. चेतावनी दिने ।

ख. नसिहत दिने ।

ग. बढीमा २ ग्रेड रोक्का गर्ने ।

घ. बढीमा २ वर्षसम्म बढुवा रोक्का गर्ने ।

ङ. जानीजानी लापरवाहीबाट क्याम्पसलाई हानी नोक्सानी पुऱ्याएमा जरिवाना सहित हानीनोक्सानी परेको रकम निजबाट असूल गर्ने ।

च. सेवाबाट अवकास दिने ।

चेतावनी, नसिहत, ग्रेड र बढुवा रोक्का: देहायको कुनै अवस्थामा प्राध्यापक कर्मचारीलाई चेतावनी, नसिहत, ग्रेड र बढुवा रोक्का गर्न सकिनेछ ।

क. तोकिएको काम सन्तोषजनक ढङ्गमा सम्पादन नगरेमा ।

ख. पूर्व स्वीकृत बेगर समयसमयमा क्याम्पसमा अनुपस्थित भएमा ।

ग. अनुशासनहिन कार्य गरेमा ।

घ. एक वर्षमा तीन पटकभन्दा बढी चेतावनी पाएमा ।

ङ. आचरणमा उल्लेखित कुराहरु उल्लघन गरेमा ।

च. कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा ।

**सेवाबाट अवकास दिने :** देहायको अवस्थामा क्याम्पसको प्राध्यापक कर्मचारीलाई सेवाबाट अवकास दिन सकिनेछ ।

क. बारम्बार अनुशासनहीन काम गरेमा ।

ख. बारम्बार आचरण उल्लघन गरेमा ।

ग. क्याम्पस समयमा बारम्बार मादक पदार्थ सेवन गरेमा ।

घ. अयोग्यताको कारण आफ्नो पदको काम तथा जिम्मेवारी पुरा गर्न नसकेमा वा जिम्मेवारीको बेवास्ता गरेमा ।

ङ. पूर्वस्वीकृति बेगर ९० दिनसम्म क्याम्पसमा अनुपस्थित रहेमा ।

च. नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा ।

**सजाय दिने अधिकारी:** माथि नियम ९.१ को क,ख,ग,घ,ङ मा उल्लेखित सजाय क्याम्पस प्रमुखले र सोही नियमको च मा उल्लेखित सजाय क्याम्पस सञ्चाकल समितिले दिन सक्नेछ । तर, त्यस्तो सजायको आदेश दिनभन्दा पहिले सम्बन्धित प्राध्यापक तथा कर्मचारीलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन ।

५ निलम्बन:

क) निम्न अवस्थामा सम्बन्धित प्राध्यापक कर्मचारीलाई निलम्बनमा राखी कारबाही गरिनेछ ।

(अ) निलम्बन नगरी काम गर्न दिदा झुट्टा सबुत सङ्कलन गर्न सक्ने वा आफ्ना विरुद्धका सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा ।

(आ) निलम्बन नगरी काम गर्न दिदा क्याम्पसलाई हानी नोक्सानी हुने सम्भावना देखिएमा वा कारबाहीमा बाधा देखिएमा ।

ख) निलम्बन समाप्ति : निलम्बनमा रहेको प्राध्यापक कर्मचारी दोषमुक्त हुने गरी फुकुवा वा कुनै सजाय पाउने गरी कार्यवाही भएको प्रतिवेदन सञ्चालक समितिमा पेश हुनेछ र सञ्चालक समितिको निर्णयपछि निजको निलम्बन समाप्त भएको मानिनेछ ।

ग) स्वत: निलम्बनमा रहेको अवस्थामा बाहेक कुनै प्राध्यापक तथा कर्मचारीहरूलाई तीन महिनाभन्दा बढी निलम्बन राखिने छैन । तर उक्त अवधि भित्र किनारा लगाउन नसकिने असाधारण अवस्थामा सञ्चालक समितिको पूर्वस्वीकृति लिई एक पटकमा एक महिनाको गरी कार्यवाहीको टुङ्गो नलागेसम्म निलम्बनको अवधि तीन महिनासम्म बढाउन सकिनेछ ।

स्वत: निलम्बनको अवस्थाको निलम्बन बाहेक अन्य निलम्बन अवधिभर आधा तलब दिइनेछ र दोषमुक्त ठहरिएमा बाँकी आधा तलब र पुरै अवधिको खाइपाइ आएको भत्ता समेत भुक्तानी दिइनेछ ।

६ **अनुशासन समिति गठन** : नियमानुसारको शुरु कार्यवाही चलाई छानबिन गर्न तीनदेखि पाँच जना सदस्य भएको अनुशासन समिति सञ्चालक समितिले गठन गर्नेछ । अनुशासन समितिले छानबिन सम्बन्धी कार्यविधि आफैं व्यवस्थित गरी तोक्नेछ ।

७ **पुनरबिचारका लागि आवेदन गर्न सक्ने** : अनुशासन समितिले दिएको प्रतिवेदन वा सजायको आदेशमा चित्त नबुझ्ने प्राध्यापक कर्मचारीले त्यस्तो सजाय पाएको मितिले १५ दिनभित्र आफूलाई सजाय गरेको कागजको प्रतिलिपी सहित क्याम्पस सञ्चालक समितिमा पुनर्विचारका लागि निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन पर्न आएमा सञ्चालक समितिले हेरी एक महिनाभित्र निर्णय दिनेछ । सो निर्णय नै अन्तिम हुनेछ ।

८ सफाई पाएमा तलब भत्ता पाउने:

क) सेवाबाट अवकाश दिने निर्णय उपर पुर्नबिचारका लागि परेको आवेदनमा पुन: सेवामा राख्ने निर्णय क्याम्पस सञ्चालक समितिले गरेमा अवकाश भएको अवधिदेखिको पुरा तलब भत्ता (ग्रेडसहित) पाउनेछ ।

ख) सञ्चालक समितिमा पुनरावेदन दिई पुन: बहाली हुने भएमा सोको सुचना भएको मितिले बाटोको म्यादबाहेक ३० दिन भित्र क्याम्पसमा हाजिर हुन नआएमा त्यस्तो प्राध्यापक कर्मचारीलाई क्याम्पस सेवामा बहाल गरिने छैन ।

## परिच्छेद १०
## विविध

१०.१ **बरबुझारथ गर्नुपर्ने** : प्राध्यापक कर्मचारीले क्याम्पस सेवाबाट अलग हुदा आफ्नो जिम्मा रहेका नगदी र जिन्सी तोकिएका पदाधिकारी वा व्यक्तिलाई बुझाउनु पर्नेछ ।

१०.२ **बाधा अड्काउ फुकाउने:** यस नियम बमोजिम कामकाज वा कार्यवाही गर्दा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने वा हटाउने अधिकार क्याम्पस सञ्चालक समितिमा रहनेछ ।

१०.३ क्याम्पस सेवा पुस्तिकामा प्रत्येक प्राध्यापक कर्मचारीको सेवा तथा आचरण सम्बन्धी विवरण वा प्रतिवेदनको सारांश र कार्यसम्पादन फाराम अनुसूची २ अनुसार भरिनेछ ।

१०.४ शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य सम्पादनका लागि शैक्षिक विशिष्टता प्राप्त गरेका वरिष्ठ प्राध्यापकहरु मध्येबाट सञ्चालक समितिले क्याम्पस प्रमुख तोक्नेछ र निजको अनुपस्थितिमा काम गर्ने जेष्ठता र कार्य क्षमताको आधारमा एक जना प्राध्यापकलाई सहायक क्याम्पस प्रमुख तोकिनेछ ।

१०.५ क्याम्पस प्रमुख,सहायक क्याम्पस प्रमुख,र विभागीय प्रमुखहरूको कार्यकाल त्रिभुवन विश्वविद्यालयको नियमानुसार हुनेछ ।

अनुसूची १
मस्र्याङ्दी बहुमुखी क्याम्पस
बेसीशहर, लमजुङ

## प्राध्यापक कर्मचारीको वैयक्तिक विवरण

फाराम नं. १

१. कर्मचारीको पुरा नाम र थर :
२. स्थायी ठेगाना :
प्रदेश : गाउ नगर फोन नं.
जिल्ला : वडा नं.
३. अस्थायी ठेगाना :
प्रदेश : गाउ नगर फोन नं.
जिल्ला : वडा नं.
४. घर भएको जिल्ला :
५. जन्मेको मिति : साल महिना गते
६. ५५ ५८ ६३ वर्ष उमेर पुग्ने मिति :
७. नागरिकता :
८. धर्म :
९. लिङ्ग :
१०. विवाहित भए पति पत्नीको नाम : श्री श्रीमती
११. पति पत्नीको पेशा :
१२. छोराको संख्या :
१३. छोरीको संख्या :
१४. बाबुको नाम :
१५. बाजेको नाम :
१६. इच्छाएको व्यक्तिको नाम थर :
ठेगाना : गाउँ नगर : वडा नं.
प्रदेश : कर्मचारीको निजसँग सम्बन्ध
जिल्ला
१७. नियुक्तिको विवरण
पद तह
नियुक्ति मिति महिना गते

माथि लेखिएको विवरण ठिक छ । कुनै कुरा झुठो लेखिएको वा जानाजानी साचो कुरा दबाउने लुकाउने उद्देश्यले लेखिएको ठहरे कानून बमोजिम सजाय स्वीकार गर्नेछु भनी सहि छाप गर्ने :
प्रमाणित गर्ने :
(औंठा औंलाको छाप)

| | |
|---|---|
| | |
| दाया | बाया |

क्याम्पसको छाप

अनुसूची २

मर्स्यांङ्दी बहुमुखी क्याम्पस

बेसीशहर, लमजुङ

## कार्य सम्पादन मूल्याङ्कन फाराम

ध्यापक कर्मचारीको नाम : पद : तह :

वधि : ........... श्रावण १ देखि ........... आषाढ मसान्त सम्म

| क्र.स. | | सुपरिवेक्षकको मूल्याङ्कन | | | | | पुनरावलोकन कर्ताको मूल्याङ्कन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पादित कामको विवरण, गुण तथा चरित्र | कम | सामान्य | उत्तम | अत्युत्तम | प्राप्ताङ्क | कम | सामान्य | उत्तम | अत्युत्तम | प्राप्ताङ्क |
| | | ०.५ | १ | १.५ | २ | | ०.२५ | ०.५ | १ | १.५ | |
| | कार्य विवरण बमोजिमको काम गर्ने क्षमता र सम्पादित कामको स्तर | | | | | | | | | | |
| | विषय वस्तुको ज्ञान र सिप | | | | | | | | | | |
| | सम्पादित कामको प्रतिफल | | | | | | | | | | |
| | काम प्रतिको उत्साह र लगनशीलता | | | | | | | | | | |
| | निर्देशन अनुसार काम गर्न सक्ने क्षमता | | | | | | | | | | |
| | इमान्दारी, नैतिकता र शिष्टता | | | | | | | | | | |
| | सहयोगको भावना | | | | | | | | | | |
| | निर्णय दिन सक्ने क्षमता | | | | | | | | | | |
| | मातहतका कर्मचारीलाई नियन्त्रण वा मार्गदर्शन गर्ने क्षमता | | | | | | | | | | |
| | अनुशासन | | | | | | | | | | |
| | | कुल प्राप्ताङ्क<br>अंकमा<br>अक्षरमा | | | | | कुल प्राप्ताङ्क<br>अंकमा<br>अक्षरमा | | | | |

नोट : अधिकतम अंक प्रदान गर्दा कारण दिनु पर्ने ।

दस्तखत

सुपरिवेक्षकको नाम

दर्जा :

मिति :

दस्तखत

पुनरावलोकन कर्ताको नाम :

दर्जा

मिति :

अनुसूची ३

मर्स्यांङदी बहुमुखी क्याम्पस

बेसीशहर, लमजुङ

दरखास्त फाराम

(सबै पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

| | | | |
|---|---|---|---|
| कार्यालय प्रयोजनको लागि | दरखास्त दर्ता नं<br>दर्ता मिति :<br>विज्ञापन नं. | रोल नं. | फोटो |

भाग (क) विज्ञापनमा उल्लेखित पूर्ण विवरण सहित स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस ।

| | | |
|---|---|---|
| १. विज्ञापन नं. | २, पद | ३, सेवा |
| ४. तह | ५, परीक्षा केन्द्र | |

भाग (ख) आफ्नो वैयक्तिक विवरण स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस् ।

| | | |
|---|---|---|
| १. उम्मेदवारको पुरा नाम, थर | देवनागरीमा :<br>अंग्रेजी ठूलो अक्षरमा | |
| २. स्थायी ठेगाना | १. जिल्ला<br>२. न.पा. गा.पा.<br>३. वडा नं. | ४. टोल<br>५. ब्लाक<br>६. फोन नं |
| ३. पत्राचार गर्ने ठेगाना | | |
| ४. उम्मेदवारको | १. बाबुको नाम, थर<br>२. बाजेको नाम, थर | नागरिकता :<br>नागरिकता : |
| ५. विवाहित महिलाको निमित्त | १. पतिको पुरा नाम, थर : | नागरिकता : |
| ६. उम्मेदवारको | १. जन्ममिति :<br>२, लिङ्ग :<br>३. वर्ण :<br>४, हुलिया : | ५, नागरिकता :<br>६, धर्म :<br>७, मातृभाषा : |

भाग (ग) शैक्षिक योग्यता र तालिमको विवरण :

| क्र.सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको परीक्षा तालिम | परीक्षा तालिम उत्तीर्ण गरेको मिति | श्रेणी | परीक्षा लिने संस्था | कुल प्राप्ताङ्क तथा प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

.................... का छोरा छोरी .................... बस्ने श्री .................... पदमा रही निम्न मितिसम्मको अवधिसम्म काम गरेको प्रमाणित गर्दछु ।

| कार्यालय | पद | सेवा | तह | स्थायी अस्थायी वा करार | कुन मिति देखि | कुन मिति सम्म | हाल अस्थायी भए कुन मिति सम्म बहाल रहने हो | सो पदमा रहेर गर्नुपर्ने कामको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

उपर्युक्त विवरण ठीक छ भनी प्रमाणित गर्ने कार्यालय प्रमुखको

नाम : दर्जा :

दस्तखत : कार्यालय : मिति :

कार्यालयको छाप :

उम्मेदवारको दस्तखत र मिति :

खास्त साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

उमेर खुलेको प्रमाणको प्रतिलिपि ।
नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम योग्यताका प्रमाणको प्रमाणित प्रतिलिपि (तालिम र अनुभव समेत आवश्यक पर्नेमा सो को प्रतिलिपि) संलग्न राखनु पर्नेछ ।
कुनै उम्मेदवारको आफ्नो शैक्षिक योग्यताको स्तर र श्रेणी निर्धारित भै नसकेको भए दरखास्त दिनु अगावै मान्यता गराई सकेको हुनु पर्दछ । दरखास्त दिनु अगावै स्तर निर्धारण नभएको योग्यतालाई मान्यता दिइने छैन ।
अन्तरवार्ताको दिन उम्मेदवार आफ्ना सबै सक्कल प्रमाण पत्र सहित उपस्थित हुनु पर्नेछ ।

ले यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन् । मेरो नियुक्तिको सम्बन्धमा असर पर्न सक्ने कुनै कुरा लुकाएको न । उम्मेदवारलाई दिइएका निर्देशन मैले राम्ररी पढेको छु र म यी शर्तहरु पालन गर्न मन्जुर गर्दछु ।

ढी औंलाको छाप :

या    बायाँ

मति :    उम्मेदवारको सही :

---

म्पसको सम्बन्धित कर्मचारीले भर्ने :

न न.    बैंक :    भौचर नगदी रसिद न.    भौचर प्रति :

माणित प्रतिलिपिहरुको संलग्न प्रति :    दरखास्त बुझ्नेको हस्ताक्षर र मिति :

खास्त स्वीकृत अस्वीकृत गर्ने अधिकृतको दस्तखत :

अनुसूची ४

निरोगीताको प्रमाण पत्रको नमूना

...धाइदी बहुमुखी क्याम्पस, बेसीशहर, लमजुङ अन्तर्गत ............................ पदमा उम्मेदवार ...
............................ लाई मैले जाँच्दा कुनै सरुवा वा कडा रोग लागेको वा कुनै किसिमको ...
...भएको पाइन । निजमा ............................ रोग भएता पनि निजलाई त्यसले उपर्युक्त पदमा ...

...को हुलिया :

दायाँ हातको बुढी औंलाको छाप :
सम्बन्धित व्यक्तिको दस्तखत :
मिति :

प्रमाणित गर्ने चिकित्सकको :

नाम :
दस्तखत :
नेपाल मेडिकल काउन्सीलको रजिष्ट्रेशन नम्बर :
मिति :

## अनुसूचि ५

## क्याम्पस प्राध्यापक कर्मचारी कल्याण कोष परिचालन निर्देशिका

त्रिभुवन विश्वविद्यालय, प्राध्यापक,कर्मचारी सेवा सम्वन्धि नियमलाई आधार मानेर मस्याङदी बहुमुखी क्याम्पस प्राध्यापक कर्मचारी सेवा सम्वन्धी नियमावलीको संशोधन सहित। को परिच्छेद ६ को ६.८ अनुसार निम्नानुसारको उपदानको व्यवस्था गरिएको छ ।

१. उपदान

यस क्याम्पसमा पूरा समय काम गर्ने स्थायी प्राध्यापक तथा कर्मचारीले निम्नानुसारको रकम उपादानस्वरुप पाउनेछन ।

क. ५ वर्षदेखि १० वर्षसम्म सेवामा रहेका प्राध्यापक वा कर्मचारीले क्याम्पस सेवामा आफूरहेको प्रत्येक वर्षको निमित्त आएको आखीरी तलवले आधा महिनाको तलवका हिसावले हुन आउने रकम ।

ख. १० वर्ष भन्दा बढी १५ वर्षसम्म सेवामा रहेका प्राध्यापक वा कर्मचारीले सेवामा रहेको प्रत्येक वर्षका निमित्त खाइपाइ आएको आखीरी तलवको दरले १ महिनाको तलवका हिसावले हुन आउने रकम ।

ग. १५ वर्षभन्दा बढी सेवा गरेको हकमा नियमावलीले निर्धारण गरेको उमेरको हदसम्म क्याम्पस सेवामा रहेका प्राध्यापक वा कर्मचारीले सेवामा आफूरहेको प्रत्येक वर्षका निमित्त खाइपाइ आएको आखीरी तलबको ४५ दिनको तलवका हिसावले हुन आउने रकम ।

घ. खण्ड क,ख,ग, अनुसार पाउने उपदानको रकम प्राध्यापक वा कर्मचारी अवकाश हुंदाको अवस्थामा प्रचलित तलब स्केलको सुरु तलब अङ्को हिसावले गणना गरिनेछ ।

२. कल्याण कोषको स्रोत व्यवस्थापन

क. यस कोषमा क्याम्पसको वार्षिक कुल वजेटको ५ प्रतिशत रकम विनियोजन गरी कल्याणकोष खातामा वार्षिक रकम जम्मा गर्ने । यी रकमको गणना गर्दा बैंकको मुद्तीखाता , अक्षयकोषमा रहेको र चन्दा दान दातव्यबाट प्राप्त रकमबाहेक अन्य स्रोतबाट प्राप्त,आम्दानीलाई मानिने छ ।

ख. उक्त कल्याण कोषबाट प्राध्यापक वा कर्मचारीलाई उपादान,संचित विदा र औषधि उपाचार खर्चको भक्तानी दिने ।

ग. स्थायी प्राध्यापक तथा कर्मचारीको उपदान स्वरुप उपलब्ध गराउने न्यूनतम आवश्यक रकम प्रत्येक वर्ष क्याम्पस प्राध्यापक कर्मचारी कल्याण कोषमा जम्मा गरिने छ ।

घ. यस क्याम्पसको प्राध्यापक कर्मचारी सेवा नियमावलीको परिच्छेद ३ को काज, हाजिरी र विदाको व्यवस्था सम्बन्धक अन्तर्गतको दफा ३.३ (घ) मा उललेख भए अनुसार प्रत्येक वर्षको सञ्चित विदा रकम बरावरको रकम प्रत्येक वर्ष क्याम्पस प्राध्यापक कल्याण कोषमा जम्मा गर्ने ।